ज मिति २०८२ साल असार १० गते मंगलबार विहान १०:०० बजे यस मष्टा
उँपालिका अध्यक्ष श्री ज्ञान बहादुर बोहाराज्यूको अध्यक्षतामा १२औ गाउँसभाको
हिलो बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिम निर्णयहरु गरियो।

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ज्ञान बहादुर बोहरा | अध्यक्ष | |
| २ | हर्क धामी | उपाध्यक्ष | |
| ३ | रामचन्द्र रोकाया | वडा अध्यक्ष -१ | |
| ४ | प्रकाश खड्का | वडा अध्यक्ष -२ | |
| ५ | धर्म धामी | वडा अध्यक्ष -३ | |
| ६ | उत्तमराज जोशी | वडा अध्यक्ष -४ | |
| ७ | सुधन बहादुर कठायत | वडा अध्यक्ष -५ | |
| ८ | शिवराज बोहरा | वडा अध्यक्ष -६ | |
| ९ | धन बहादुर जेठारा | वडा अध्यक्ष -७ | |
| १० | प्रकाश ओखेडा | गाउँसभा सदस्य | |
| ११ | तुलछि देवी ढाल | गाउँसभा सदस्य | |
| १२ | कलक थापा | गाउँसभा सदस्य | |
| १३ | शिवराज खड्का | गाउँसभा सदस्य | |
| १४ | जुनधारा सार्की | गाउँसभा सदस्य | |
| १५ | ईश्वर बहादुर कठायत | गाउँसभा सदस्य | |
| १६ | अमृता देवी धामी | गाउँसभा सदस्य | |
| १७ | शंकर बहादुर धामी | गाउँसभा सदस्य | |
| १८ | हरिना देवी कामी | गाउँसभा सदस्य | |
| १९ | शेर बहादुर शार्की | गाउँसभा सदस्य | |
| २० | गोमति देवी खड्का | गाउँसभा सदस्य | |
| २१ | शंकरलाल धामी | गाउँसभा सदस्य | |
| २२ | सरा देवी बुढा | गाउँसभा सदस्य | |

| | | | |
|---|---|---|---|
| २३ | शारदा शार्की | गाउँसभा सदस्य | |
| २४ | झनि देवी कामी | गाउँसभा सदस्य | |
| २५ | लक्ष्मी देवी कठायत | गाउँसभा सदस्य | |
| २६ | अग्नीराज उपाध्याय | गाउँसभा सदस्य | |
| २७ | देउकला ओखेडा | गाउँसभा सदस्य | |
| २८ | सुर्जा बोहरा | गाउँसभा सदस्य | |
| २९ | झलक बहादुर कठायत | गाउँसभा सदस्य | |
| ३० | सुरेन्द्र बहादुर कठायत | गाउँसभा सदस्य | |
| ३१ | जोज्ञानी बोहरा | गाउँसभा सदस्य | |
| ३२ | शान्ति देवी आग्री | गाउँसभा सदस्य | |
| ३३ | लाल बहादुर बोहरा | गाउँसभा सदस्य | |
| ३४ | राम बहादुर रोकाया | गाउँसभा सदस्य | |
| ३५ | कमला रोकाया बोहरा | गाउँसभा सदस्य | |
| ३६ | हिमकला दमाई | गाउँसभा सदस्य | |
| ३७ | धौली बोहरा | गाउँसभा सदस्य | |
| ३८ | रमेशकुमार खड्का | प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रित | | | |
| १ | गौरिशंकर जोशी | समन्वय सदस्य | |

गाउँसभाको बाह्रौ अधिवेशनको प्रथम बैठक २०८२।०३।१० गतेका निर्णयहरुः

निर्णय नं. १ मष्टा गाउँपालिकाका अध्यक्ष एवं गाउँसभाका अध्यक्षज्यूबाट तपसिल बमोजिमको वाचन पत्र सहित गाउँसभाको बैठकको कारवाही सुरु गर्नु भएको थियो ।

तपसिलः

गाउँसभाको बाह्रौ अधिवेशनको पहिलो बैठको कारवाही प्रारम्भ हुन्छ । सुदूरपश्चिम प्रदेशको गाउँ सभा र नगर सभा (कार्यसञ्चालन) ऐन,२०७५ को दफा ३ बमोजिम आजबाट प्रारम्भ भएको मष्टा गाउँ सभाको बाह्रौ अधिवेशनमा सबै सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु। स्थानीय सरकार जनताको प्रत्यक्ष सरोकार राख्ने जनताका इच्छा चाहना आवश्यकता परिपुर्ति गर्ने आधारस्तम्भको रुपमा रहेको हुँदा मष्टा गाउँपालिकाले नेपालको संविधानको मूल मर्म समन्वय, सहकार्य र सहअस्तित्वलाई आत्मसाथ गर्दै गाउँपालिकावासी लाई केन्द्रमा राखी विभिन्न कार्य गरिरहेका छौ ।

यो अधिवेशन बर्षे अधिवेशन भएकोले यस अधिवेशनलाई बजेट अधिवेशनको रुपमा पनि लिइने गरिन्छ । बाह्रौ अधिवेशन सम्म आइपुग्दा हामीले विभिन्न ऐन जारी गर्न सक्षम भएका छौ । ऐनको आधारमा कार्यपालिकाले  नियमावली र कार्यविधि तथा निर्देशिका जारी गरि सकेको छ । गाउँसभाबाट पहिलो चरणमा संविधानको अनुसूची - ८ मा रहेका साझा अधिकार मध्ये संघीय तथा प्रदेश कानूनले स्थानीय सरकारको कार्यक्षेत्र भनी तोकेका अधिकार क्षेत्रमा क्रमशः कानून बनाउदै लगिनेछ । स्थानीय तहको दोस्रो निर्वाचन पश्चात हामीले ऐन/ कार्यविधि/ निर्देशिका निर्माण गरेका छौ ।

विभिन्न प्रकारका सूचकका आधारमा मुल्याङ्कन गर्दा गत आर्थिक बर्षमा मष्टा गाउँपालिकामा राम्रो अवस्थामा रहेको छ । आर्थिक वर्ष २०८०।०८१ को स्थानीय तहको संस्थागत मुल्याङ्कनमा ८२.२५ अंक वित्तीय जोखिम सुशासन मुल्याङ्कनमा ७९ अंक ल्यायका छौ । प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको गाउँपालिकाको कार्यसम्पादन मुल्याङ्कनमा ७२.३९ अंक प्राप्त गरेका छौ । गाउँपालिकाको गत आर्थिक वर्ष २०८०।०८१ को अन्तिम लेखा परीक्षण गरी प्रतिवेदन प्राप्त गरेका छौ । यो प्रतिवेदन अनुसार हाम्रो बार्षिक बजेटको १.२७ प्रतिशत रहेको छ । जुन जिल्लाका अन्य स्थानीय तहको भन्दा धेरै कम रहेको छ । यी सबै कार्य सम्पादनको सूचकहरुको मुल्याङ्कनबाट हाम्रो क्षमता र कार्यसम्पादन राम्रो भएको देखिन्छ ।

गाउँसभाका सदस्यहरु

ो गाउँसभा बैठक बजेट अधिवेशन भएकोले विशेष गरी बार्षिक बजेट, नीति तथा कार्यक्रमका विषयहरुम केन्द्रित हुनेछ । यसका साथै गाउँसभाबाट गठन भएका समितिहरुको बार्षिक प्रतिवेदनहरु र न्यायिक समितिको प्रतिवेदन पेश गरिनेछ । साथै अन्य विषयवस्तुहरु पनि रहने छन ।

**सभाका सदस्यहरु आजको बैठकको कार्यसूची देहाय अनुसार रहेको छ।**

क. गाउँसभाको बाह्रौ अधवेशन आह्वान गरेको पत्र पढेर सुनाउने ।

ख. अधिवेशन सफलताको शुभकामना मन्तव्य राखे ।

ग. बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत, छलफल र पारित हुने ।

घ. आ व २०८२।०८३ को बजेट तथा कार्यक्रम सभामा प्रस्तुत, छलफल र पारित हुने ।

ङ. आर्थिक विधेयक, २०८२ सभामा प्रस्तुत, छलफल र पारित हुने ।

च. बिनियोजन विधेयक, २०८२ सभामा प्रस्तुत, छलफल र पारित हुने ।

छ. विधायन,लेखा र सुशासन समिति गठन प्रस्ताव प्रस्ताव ।

ज. आ व २०८०।०८१ को महालेखा परीक्षकको अन्तिम लेखा परीक्षण प्रतिवेदन सभामा प्रस्तुत, छलफल र पारित हुने ।

झ. न्यायिक समिति बार्षिक प्रतिवेदन सभामा प्रस्तुत, छलफल र पारित हुने ।

त्यस पछि अध्यक्षज्यूबाट मष्टा गाउँपालिकाको गाउँसभाको बाह्रौ अधिवेशनको बैठक आह्वान गरिएको पत्रको व्यहोरा पढेर सुनाउनु भई बैठको अन्य विषयवस्तु अगाडि बढाउनु भएको थियो ।

निर्णय नं २ मष्टा गाउँपालिकाको दोस्रो गाउँसभाको बाह्रौ अधिवेशनको पहिलो बैठकमा तपशिल बमोजिमका सदस्यहरुले समसामयिक विषयमा शुभकामना मन्तव्य राख्नु भएको थियो ।

तपसिलः

- श्री कलक बहादुर थापा- न्यायिक समिति सदस्य एवं वडा नं १ का वडा सदस्य
- श्री शिवराज बोहरा- वडा नं ६ का वडा अध्यक्ष
- श्री उत्तमराज जोशी- गाउँपालिका प्रवक्ता एवं वडा नं ४ का वडा अध्यक्ष
- श्री गोमति देवी खड्का- कार्यपालिका सदस्य
- श्री प्रकाश खड्का- वडा नं २ का वडा अध्यक्ष
- श्री रामचन्द्र रोकाया- वडा नं १ का वडा अध्यक्ष
- श्री सुधन बहादुर कठायत- वडा नं ५ का वडा अध्यक्ष

• श्री धन बहादुर जेठारा- वडा नं ७ का वडा अध्यक्ष

निर्णय नं ३ मष्टा गाउँपालिकाको २०८२।०३।०८ गतेको कार्यपालिका बैठकबाट स्वीकृतको लागि पेश भएको मष्टा गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रम गाउँसभाको बाह्रौ अधिवेशनबाट स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

मष्टा गाउँपालिकाको गाउँसभाको बाह्रौ औं अधिवेशनमा गाउँपालिकाका अध्यक्ष श्री

ज्ञान बहादुर बोहराज्यूबाट प्रस्तुत

आर्थिक बर्ष २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यहरु,**

उपस्थित गाउँपालिकाका उपाध्यक्ष, गाउँसभाका सदस्यहरु, नि. प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी साथिहरु, पत्रकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु, सर्वप्रथम मष्टा गाउँपालिकाको गाउँसभाको बाह्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । मुलुकको शासन प्रणाली र समाज रुपान्तरणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात सहीदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।

दिगो विकासको राष्ट्रिय लक्ष्यहरुलाई हासिल गर्नका लागि स्थानीय मौलिक विकास, गुणस्तरीय पूर्वाधार निर्माण, स्थानीय स्रोतको पहिचान, प्रयोग र परिचालन, जलवायु उत्थानशील तथा स्थानीय आर्थिक विकास, सहभागितात्मक समावेशी विकास, शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानीको व्यवस्था र गुणस्तरीय सेवा प्रवाह मार्फत समुन्नत गाउँपालिका र खुसी जनताको लक्ष्य हासिल गर्नु पर्ने छ । अर्कोतिर गाउँपालिकामा भएको सीमित स्रोतसाधनले नागरिकहरुको असीमित इच्छा, चाहना र आवश्यकतालाई परिपुर्ति गर्नुगर्ने जिम्मेवारी पनि हाम्रो काँधमा छ । निर्देशित लक्ष्यमा पुग्न र काँधमा आएको जिम्मेवारीलाई पुरा गर्न नेपालको संविधानको मूलमर्म अनुसार सरोकारवाला निकायहरुसँगको समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा जनअपेक्षित कार्यहरु गरिरहेका छौं ।

गाउँमै रोजगारीको अवसर सृर्जना गर्ने र गाउँघरको बसाइसराई आकर्षक बनाउने चुनौतीपूर्ण कार्य नीति तथा कार्यक्रमले लिएको छ । ग्रामीण आर्थिक विकासलाई प्राथमिकता राख्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासन प्रवद्र्धन गर्नका लागि गाउँपालिकाको क्षमता अभिवृद्धि गर्न अपरिहार्य

छ । गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि गाउँपालिकाले अवलम्वन गर्ने नीति, कार्यक्रम र बजेटको खाका कोर्न र त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिका प्रतिवद्ध छ । यस कार्यमा सहयोग गर्नुहुने मष्टावासी दाजुभाई तथा दिदिवहिनीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः

अव म मष्टा गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

क) नेपालको संविधानको प्रास्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु ।

ख) नेपालको संविधानको स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकारका सूचीहरु ।

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४।

घ) संघीय सरकार र स्थानीय सरकारको आवधिक योजनाहरुले लिएका नीति तथा प्राथमिकताहरु।

ङ) संघिय सरकार र प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।

च) विगतका वर्षहरुमा गाउँपालिकाले तयार पारेका नीति कार्यक्रम तथा योजनाहरु।

छ) विकासमा समसामयिक मुद्धाहरु; दिगो विकास सम्वन्धी नीतिहरु, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, बालमैत्री स्थानीय शासन, खाद्य तथा पोषण सुरक्षा, लैगिक सशक्तिकरण, लैङ्गिक उत्तरदायी बजेट र समावेशी विकास ।

गाउँसभा सदस्यहरु,

अव म आर्थिक बर्ष २०८१।०८२ को बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा संक्षिप्तरुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. वर्तमान स्थानीय सरकार गठन भएको तीन वर्षको अवधिमा सुशासन प्रवर्द्धन, शासन व्यवस्थामा सुधार र विकास प्रशासन कार्यमा सुधारात्मक परिणाम क्रमशः देखिन थालेको छ ।
२. गाउँपालिकाको आर्थिक विकास कार्यक्रमको पहिचान, प्राथमिकीकरण, वजेट तर्जुमा, अनुगमन र मूल्याङ्कनका विधि र प्रक्रियाहरुमा संस्थागत सुधार भएको छ ।

३. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनका सूचकहरुमा देखिएको उत्कृष्ठ नतिजाले मष्टा गाउँपालिकाको सुशासन, जवाफदेहिता र शासन प्रणालीमा उत्साहजनक सुधारहरु देखिन थालेको छन्।

४. गाउँपालिकाले संचालन गरेका भौतिक पूर्वाधार, स्थानीय आर्थिक तथा सामाजिक विकास, कृषि, शिक्षा र स्वास्थ्य, वन वातावरण र विपत व्यवस्थापन, उद्यमशिल विकास आदि क्षेत्रमा देखिएका उपलव्धी र उपलव्धी हासिल गर्नका लागि अवलम्वन गरेका कार्यशैलीले उत्साहजनक परिणाम देखिएका छन् ।

५. लामो समयदेखि निर्माण प्रगति नभएका विकास आयोजनाको स्थलगत अनुगमन गरी आयोजनाको शीघ्र कार्यान्वयनमा जोड दिइएको छ । विकास परियोजना कार्यान्वयनमा आर्थिक अनुशासन कायम राख्न बजेट खर्च प्रणालीमा सुधार भएको छ ।

६. १२४ कि.मि. वाटोको स्तरोन्नती ३० किलो मिटर सडकको निर्माण र ४८८ घरधुरीलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाएको छ । गाउँपालिका भरी १६ विद्यालय भवन र १ वटा नमुना विद्यालय भवन २ ओटा स्वास्थ्य चौकीको निमांण, ६ बटा वडा कार्यालयको निर्माण कार्य सम्पन्न र वडा नं. ४ को वडा कार्यालय निर्माणाधिन अवस्थामा छ ।

७. अध्यारो मुक्त उज्यालो युक्त गाउँपालिकाको प्रतिबद्धतालाई साकार पार्न हाल सम्म ७० प्रतिशत घरधुरीमा राष्ट्रिय विद्युत प्रसारण लाइनको पहुँच पुगेको तथा ३० प्रतिशत घरधुरीमा विद्युत विस्तार कार्य भई रहेको छ।

८. गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य भैरहेको छ । गाउँपालिका जोड्ने सडक र सो सडकमा पर्ने पक्की पुल निर्माणका लागि पूर्व संभाव्यता अध्ययन, डि.पि.आर. तयार भई निर्माण कार्यका लागि स्रोत सुनिश्चिता भएको छ ।

९. रैथाने तथा उन्नत वालीहरुको उत्पादन, संरक्षण, प्रवद्र्धन र बजारीकरणको थालनी हुनुका साथै स्थानीय अल्लो भाँग्रोको प्रशोधन गरी कपडा तथा वस्तु उत्पादन भएका छन । वाली र पशुहरुमा देखिएको रोग नियन्त्रण, नश्ल सुधारमा सकारात्मक परिणामहरु देखिएका छन् । गाउँपालिकाले भेडावाखा प्रवर्द्धनका लागि गरेको लगानीबाट किसानहरु प्रोत्साहित तथा लाभान्वित भएका छन् ।

१०. सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गर्ने व्यवस्था र असाहाय, अपाङ्ग र हिडडुल गर्न नसक्ने असक्तहरुका लागि घरदैलोमा सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने गरेको छ । गाउँपालिकाले आमावुवा नभएका टुहुरा वालवालिकाको संरक्षण गर्दै जीवनयापनका लागि मासिकरुपमा खर्च उपलव्ध गराउने व्यवस्था गरिएको छ ।

११. कृषि तथा गैर कृषि क्षेत्रहरुको पहिचान गरी लक्षित वर्गलाई रोजगारी सृर्जना गर्न विभिन्न क्षेत्रमा उद्यमशिलता तिर उन्मुख भए सँगै स्थानीय तहका भएका सीपयुक्त जनशक्ति तथा भारत

लगायत तेस्रो मुलुकमा वैदेशिक रोजगारीको क्षेत्रमा रहेका जनशक्तिको नक्सांकन गरिएको छ ।

१२. स्वास्थ्य षोषण र स्वास्थ्य सेवाका गुणस्तरमा अभिवृद्धि, शारीरिक तथा मानसिक अपाङ्गहरुलाई सेवा प्रवाहमा सहजता ल्याउनुका साथै स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गराउन विविध निशुल्क शिविर, गाउँघर भेटघाट कार्यक्रम, विभिन्न स्वास्थ्य अभियानहरु संचालन गरिएको छ ।

१३. संघ, प्रदेश र विभिन्न विकास साझेदार संघसंस्थाहरु सँगको समन्वय र सहकार्यमा समाजका विभिन्न क्षेत्रहरुमा सकारात्मक सुधारमा सहयोग भएको छ ।

१४. विकास प्रशासन र शासकीय अभ्यासमा रहेका विगतका कमीकमजोरीलाई सुधार गरी दिगो विकास र सुशासन प्रत्याभूति दिलाउन स्थानीय सरकार क्रियाशिल रहेको छ । यसबाट आम जनमानसमा सुशासन र विकासको आशा र भरोसा पलाएको छ ।

१५. वस्ती सुधार कार्यक्रम अन्तगत घरआँगन सरसफाई भएका छन् । सभ्य, सुसंस्कृत नागरिकहरुको पहिचान वनेको छ ।

१६. हाम्रा परम्परागत कला, संस्कृति, संस्कार र सभ्यताको संरक्षण गर्दै धार्मिक पर्यटकहरुलाई आकर्षणका गर्न पवित्र तिर्थस्थल ढँडार मष्टामाणु पुनर्निर्माण निर्माण मूल समिति गठन मालिका पर्यटकीय स्थल निर्माण तपोवन राममन्दिर र अन्य संरचनाहरुको निर्माण कार्य भइरहेको छ ।

१७. दक्ष जनशक्तिको अभाव, नागरिकहरुको विकासप्रतिको तीव्र चाहना, सिमित स्रोतसाधन र असिमित नागरिकको अपेक्षालाई सम्वोधन गर्न चुनौती छ । भिरालो भूभाग, छरिएका गाउँवस्तीहरु, भूक्षयले क्षतविक्षत जमिन, वेरोजगारी युवाहरुले थलिएको मष्टा गाउँपालिकालाई लयमा फकाउदै विकासका लक्ष्य क्रमशः हासिल गर्ने दिशातर्फ प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित छ ।

१८. मष्टा गाउँपालिकामा आर्थिक विकास, सामाजिक विकास (शिक्षा र स्वास्थ्य, लैगिंक विकास), पूर्वाधार विकास, कृषि, वन तथा वातावरण, सुशासन तथा संस्थागत विकास, स्थानीय स्रोतमा आधारित उशमशिलता विकास र रोजगारी सृर्जना, गरिवी न्यूनीकरणलाई प्राथमिकतामा राखेको छु ।

१९. नेपालको संविघान, संघ, प्रदेश र स्थानीय सरकारका आवधिक योजना, दिगो बिकास लक्ष्य लगायतका अन्तराष्ट्रिय प्रतिवद्धता, हालसम्म प्राप्त उपलव्धि तथा अनुभव, स्रोत साधनको उपलव्धता, गाउँपालिकाको आवश्यकता एवम् नागरिकको माग र चाहनालाई मार्गदर्शनको रुपमा लिई मष्टा गाउँपालिकाले प्रस्तुत नीति तथा कार्यक्रम तयार गरेको छ ।

**ाउँसभा सदस्यहरु,**

नेपालको संविधान, प्रचलित कानुनी व्यवस्था, संघीय, प्रदेश र स्थानीय लक्ष्य, नीति र योजना तथा स्थानीय अनुभव, सिकाई आदिका आधारमा प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । अब, म मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## कृषि तथा पशुपालन

१. विपद् बाट प्रभावित र कम आम्दानी भएका कृषकहरुको जीवनस्तर सुधारका लागि कृषि तथा पशुपन्छी विकास कार्यक्रमलाई आय-आर्जनको मुख्य श्रोतको रुपमा लिई अगाडी बढाईने छ ।

२. रैथाने बालीको बजारीकरण र प्रचार प्रसारको लागि मष्टा गाउँपालिकामा उत्पादन हुने रैथाने बाली प्याकेजिङ गरी गाउँपालिकामा भ्रमण गर्ने विशिष्ट अतिथिहरुलाई मायाको चिनो स्वरुप रैथाने बाली कोशेली दिने निति अगाडी सारिने छ ।

३. स्थानीय कृषकको तरकारीको बीऊ मागलाई परिपुर्ति गर्न गाउँपालिका स्तरमा **सस्तो कृषिउपज बिऊविजन पसल** स्थापना र कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरीनेछ ।

४. स्वालोज अफ फिन्ल्याण्डको आर्थिक संहयोग र साहारा नेपाल बझाङ्गसँगको सहकार्यमा खाद्य सुरक्षा, दिगो जीविकोपार्जन र महिला सशक्तिकरणसम्बन्धी कार्यक्रमहरूलाई संचालन र प्रवर्द्धन गरिनेछ।

५. सबै वडामा स्थापना भएका पशुपन्छी उपचार केन्द्रहरुबाट हुने सेवा प्रवाहलाई निरन्तरता दिदै पशुपन्छीका आकस्मिक तथा महामारी रोगहरुको रोकथाम तथा न्युनिकरणको लागि आवश्यक औषधी र खोप व्यवस्थापन गरिनेछ ।

६. पशुपन्छीको नश्ल सुधार, गोठखोर सुधार र उचित आहारा व्यवस्थापन सहित व्यवसायीक पशुपन्छीपालनको माध्यामबाट गाउँपालिकालाई दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाउने र यूवाहरुको रोजगारी सिर्जना गर्ने खालका रणनीतिहरु अपनाइनेछ ।

७. व्यवसायीहरुको जोखिम न्युनीकरणको लागि कृषि तथा पशुपन्छी बीमा कार्यक्रम सञ्चालन गरिनेछ।

८. उत्पादनको हिसावले गाउँपालिकाको विभिन्न भौगोलिक क्षेत्रको सम्भाव्यता अध्ययन गरी एक वडा एक कृषि तथा पशुपन्छी पकेट क्षेत्रको विस्तार गरिने छ।

## संस्कृति तथा पर्यटन

| सि नं | जग्गाको किसिम | राजश्वको दर प्रति रोपनी |
|---|---|---|
| १ | अब्वल | रु. २० |
| २ | दोयम | रु. १५ |
| ३ | सिम | रु. १० |
| ४ | चाहर | रु. ८ |

यस मष्टा गाउँपलिका क्षेत्र भित्र सञ्चालनमा रहेका उद्योग व्यापार व्यवसाय नविकरण गर्दा प्रत्येक आर्थिक बर्षको असोज मसान्त सम्म तोकीएको दरमा र कार्तिक देखि पौष मसान्त सम्ममा तोकिएको दरमा २५ प्रतिशत र सो समय पछाडि नविकरण गर्न आएमा तोकीएको दरमा ५० प्रतिशत थप दस्तुर लिई नविकरण गरिनेछ ।

फर्म/समुह/ईजाजत पत्र खारेजी शुल्कः दर्ता शुल्क बराबर लाग्ने छ ।

समाप्त

**निर्णय नं ५** मष्टा गाउँपालिकाको २०८२।०३।०८ गतेको गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँसभामा पेश भएको अनुगमन समितिको बार्षिक प्रतिवेदन, २०८२ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

आ.व. २०८१।०८२ को अनुगमन समितिको बार्षिक प्रतिवेदन, २०८१

सभाका अध्यक्ष महोदय,

मष्टा गाउँपालिका गाउँसभा सदस्यज्यूहरु, सभाका सचिवज्यू, राष्ट्रसेवक कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।

मष्टा गाउँपालिकाको चालू आ.व २०८१/८२ मा संचालित विभिन्न योजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनका लागि यस कार्यालयद्वारा गठित तपशिलमा उल्लेखित सुपरीवेक्षण तथा अनुगमन समितिले योजना सम्झौता देखि कार्य सम्पन्न हुने समय सम्म विभिन्न मितिमा गरेको स्थलगत अनुगमन् निरीक्षण तथा गाउँपालिका बासीहरुको छलफलको आधारमा विभिन्न राय सुझाव आवश्यक सूचना तथा तथ्याङ्क संकलन गरी यस समितिमा राय सुझाव सुचना तथा तथ्यांक हरुको व्यापक रुपमा छलफल तथा समिक्षा गरी निस्किएको निचोडको आधारमा यो प्रतिवेदन तयार पारिएको छ।

**अनुगमन समितिका पदाधिकारीहरुको विवरणः**

- उपभोक्ताहरुलाई निर्माण अवधिका समयमा कुनै प्राविधिक कठिनाई आईपरे खबर भएमा सम्बन्धित प्राविधिकबाट समयमा सहजीकरण गर्नुपर्ने,

- गाँउपालिकाले योजना तथा बजेट विनियोजन गर्दा उक्त योजनाको बारेमा सरोकारवाला बीच छलफल गरी विवाद रहित ढंगबाट योजना संचालन हुने एकिन भएपछि मात्र योजना छनौट गर्ने ।

- योजनालाई बजेट विनियोजन गर्दा उपभोक्ताहरुको लागत यकिन गरी बांकी रकम मात्र गाँउपालिका वाट उपलब्ध गराउने,

- यसरी योजनाको लागत स्टिमेट तयार गर्दा उपभोक्ता समिति र गाँउपालिकाको रकमलाई जोड गरी सोही अनुसार लागत तयार गर्ने,

- कतिपय योजनालाई अन्य निकाय वाट समेत बजेट विनियोजन हुने हुँदा अन्तर निकाय समन्वय गरी योजनाको लागत र डिजाईन तयार गर्ने।

- प्राविधिकहरुले कम्तिमा पनि योजनाको किस्ता मागको आधारमा स्थलगत निरीक्षण गरी नियमित रुपमा कार्यप्रगति प्रतिवेदन दिनु पर्ने ।

- कुनै पनि योजनाको लागि बजेट विनियोजन गर्नु भन्दा पहिले लागत अनुमान तयार गरी सम्पन्न गर्न सकिने योजनाहरुमा मात्र वजेट विनियोजन गनुपर्ने ।

- उपभोक्ता समिति मार्फत संचालित आयोजनाहरुमा आयकर र भ्याट छलि हुने सम्भावना रहने हुँदा सो प्रति गाउँपालिका सचेत रहनु पर्ने ।

निर्णय नं ६ मष्टा गाउँपालिकाको २०८२।०३।०८ गतेको गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँसभामा पेश भएको न्यायिक समितिको बार्षिक प्रतिवेदन, २०८२ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

## न्यायिक समितिको बार्षिक प्रतिवेदन, २०८१

सभाका अध्यक्ष महोदय, मष्टा गाउँपालिका गाउँसभा सदस्यज्यूहरु, सभाका सचिवज्यू, राष्ट्रसेवक कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. पृष्ठभुमी

❖ मेलमिलापकर्तावाट पूर्ण रुपमा सहयोग प्राप्त भएको छ ।
❖ कर्मचारीहरुवाट मेलमिलापको कार्यमा पूर्ण रुपमा सहयोग मिलेको छ ।
❖ गाउँपालिका तथा वडामा सबै जनप्रतिनिधिहरुवाट सहयोग प्राप्त भएको छ ।
❖ न्यायिक समितिवाट निवेदन उपर छलफल गरी मेलमिलाप भएका निवेदनहरूको मिलापत्र कागज तयार गरी प्रमाणीकरण गर्ने गरिएको छ।

न्त्यमा, गाउँपालिका तथा वडाका सबै जनप्रतिनिधिहरु, मेलमिलापकर्ताहरु, कर्मचारीहरुबाट मेलमिलाप ार्यमा पूर्ण रुपमा सहयोग मिलेको छ। मेलमिलाप कार्यमा सहयोग गर्नु हुने गाउँपालिका अध्यक्षज्यू गायत सबै जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत एवं कर्मचारीहरु र मेलमिलापकर्ताहरुलाई म स गाउँ सभाबाट धन्यवाद दिदै विदा हुन्छु। धन्यवाद।

उपाध्यक्ष एवं न्यायिक समिति संयोजक
हर्क धामी
मितिः २०८२।०३।०८

र्णय नं ७ मष्टा गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि संघ, श सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, समपुरक अनुदान, विशेष अनुदान, ार्त अनुदान र गाउँपालिकाको आन्तरिक आय समेत कुल बजेट रु ४४ करोड ३५ लाख २१ ार ९ सय १३ चालु तथा पुँजीगत शीर्षक, विषयगत तथा क्षेत्रगत रुपमा तयार गरी गाउँ ार्यपालिकाको मिति २०८२।०३।०८ गतेको बैठकबाट निर्णय भई स्वीकृतिको लागि सिफारिस ्का तपसिलका योजना, कार्यक्रम तथा बजेटलाई गाउँसभाको बाह्रौ अधिवेशनबाट स्वीकृति गरियो

भाका अध्यक्ष एवं गाउँपालिका अध्यक्षज्यू

१. यस मष्टा गाउँपालिकाको गरिमामय गाउँ सभाको बाह्रौ अधिवेशनमा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक बर्ष २०८२।८३ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।
२. गाउँपालिकाको आगामी सोच एवं जनआकाङ्क्षा समेटिएको आर्थिक बर्ष २०८२।८३ को नीतिलाई कार्यक्रम र बजेटमार्फत व्यावहारिक रुपमा कार्यान्वयनमा ल्याउनका लागि नेपालको

निजि क्षेत्र, विकास सहयात्री लगायत गाउँवासी दाजुभाई तथा दिदीबहिनी लगायत अहोरात्र खटिने गाउँपालिकाका सप्पूर्ण कर्मचारी मित्रहरु लाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछु। धन्यवाद ।

हर्क धामी

गाउँपालिका उपाध्यक्ष

उपर्युक्त प्रस्तावहरु सर्वसम्मतिले पारित गरी मिति २०८२।०३।११ गते दिनको १० बजे गाउँसभाको बाह्रौ अधिवेशनको दोस्रो बैठक बस्ने गरी आजको बैठक स्थगित गरियो ।